*कृषि उद्योग, रोजगार र पुर्वाधार ॥ सुशासन र विकास महाराजगंजको आधार ॥*

## महाराजगन्ज नगरपालिकाको

# नीति, कार्यक्रम तथा वजेट

## *आ.ब.२०७६।०७७ को*

मिति : २०७६।०३।१० गते

**यस महाराजगंज नगरपालिकाको उपप्रमुख ज्यू,**

**नगर सभाका  आदारणीय सम्पुर्ण सदस्य ज्यूहरु ।**

**प्रमुख प्रशासकिय अधिकृत ज्यू लगायत उपस्थित सम्पूर्ण महानुभावहरु**

कपिलवस्तु जिल्लाको दक्षिण भेगमा रहेको यस नगरपालिकाको विकास प्रयासलाई योजनाबद्ध, व्यवस्थित र प्रभावकारी बनाउन स्थानीय सरकार संचालन ऐन २०७४,  प्रदेश सरकार र संघीय सरकारबाट प्राप्त विभिन्न मार्गदर्शनहरु बमोजिम सहभागितामूलक योजना तर्जुमाका चरणहरु पुरा गरी  पाँचौ नगरसभामा आगामी आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न पाउदा गौरवान्वित महशुस गरेको छु । यस समारोहमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत गर्न चाहन्छु ।

स्थानिय तहले आफ्नो कार्यकालको दुई बर्ष पुरा गर्न आटेको छ । मुलुकलाई संघिय लोकतन्त्रिक गणतन्त्र स्थापनका निम्ती आफ्नो अमुल्य  जिवन सर्मपण गर्नुहुने  सम्पुर्ण सहिदहरु प्रती यस नगरपालिकाको तर्फबाट भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दै उच्च सम्मान व्यक्त गर्न चहान्छु ।

आदरणीय उपस्थित महानुभावहरु,

आज हामी जननिर्वाचित प्रतिनिधीहरुले आफ्नो क्षेत्रको वास्तविक अवस्थाको विश्लेषण गरि दोश्रो पटक निर्माण गर्नु भएको योजनाको कार्यान्वयनमा विभिन्न बाधाहरुलाई पार गर्दै अगाडी बढी रहेका छौ । विकास निर्माणको लागि मुख्य आवस्यक वस्तु नदी जन्य पदार्थको निकाशीको व्यवस्थापन ढीलो हुनु, कर्मचारी समायोजन भई नआउनु आदीले योजना प्रकृयामा असर गरे तापनि जनचाहना र आवस्यकता अनुरुप यस नगरको समग्र विकास गरि जनताको हित अभिवृद्धी गर्ने कार्यमा हामी निरन्तर रुपमा लागि परेको विषय यहाँहरुमा विदितै छ । यसै क्रममा हामी आज तेस्रो पटक नगर विकासको योजना निर्माणको संघारमा उभिएकाछौ ।

साविकका ९ वटा गाउँ विकास समितिहरुलाई जोडेर नगरपालिकाको नामाकरण गरिएको यस भुगोलमा विकासको क्रममा पछाडि परेका वा पारिएका वर्ग, वालवालिका, महिला, लोपोन्मुख आदिबासी/जनजाति, मधेसी, मुस्लिम, पिछडावर्ग, दलित, असहाय, अपाङ्ग, अति गरीब व्यक्तिलाई प्राथमिकतामा राखी क्षेत्रगत सन्तुलित तथा न्यायोचित रुपमा उपलब्ध श्रोत साधनको विनियोजन गरी योजना तथा कार्यक्रमहरु प्राथमिकीकरणका साथ विषयगत समिति, कार्यपालिका हुदै यहाँ सम्म ल्याउन सहयोग गर्नु हुने वडा अध्यक्षज्यूहरु, विषयगत समितिका पदाधिकारीहरु र कर्मचारी साथीहरु प्रति विशेष धन्यवाद दिन चाहान्छु ।

जननिर्वाचित प्रतिनिधिहरुको सहकार्य विना लामो समय देखि विकासमा पछाडी रहेको यस क्षेत्रमा विकास योजनाहरुको कार्यान्वयन गर्नुपर्दा कार्यान्वयन क्षमता कमी हुन गई श्रोत साधनको पूर्ण उपयोग हुन नसकेको यथार्थ हामी बीच स्पष्ट नै छ । यस्तो चुनौतीहरुको बावजुद प्रतिनिधिज्यूहरुको सक्रिय सहभागिता र योगदानका कारण हामी यहाँ सम्म आईपुगेका छौ । सबैको सकृयतामा नगरको पाचौ नगर सभाले परित गर्ने तेस्रो नगर विकास विकास योजना कार्यान्वयनमा थप मद्दत पुग्ने विश्वास लिएको छु ।

कृषि उद्योग, रोजगार र पुर्वाधार

सुशासन र विकास महाराजगंजको आधार

उपस्थित महानुभवहरु,

यस नगरपालिकाले हाल सम्म पारित गरेको दुई वटा नीति तथा कार्यकम अन्तरगत अव्यवस्थित हिलो यूक्त (किचड) बस्तीका सडकहरुलाई पि.सी.सी गर्ने योजना अर्न्तगत हाल सम्म सञ्चालित कार्यक्रमले ८५ वटा बस्तीका सडक निर्माण सम्पन्न हुने चरणमा रहेका छन । नगरपालिका स्तरिय बहुवर्षे योजना अन्तरगत महाराजगन्ज देखि कजरहवा सडक, सिंगराहा देखि हरदौना सडक, महाराजगन्ज बजार अन्तरगतको सडकहरुको स्तरोन्नतीको कार्य संचालन भईरहेको छ । स्वास्थ्य संस्थाहरुमा आवश्यक औषधीको नियमित व्यवस्था, महाराजगंज प्राथमिक स्वास्थ्य केन्द्र २४ घण्टा सञ्चालन तथा कजरहवा र भलवारीमा स्वास्थ्य संस्था निर्माण सम्पन्न भई नियमित सेवा प्रवाहको अवस्थामा पुगेका छन् भने जिल्ला समन्वय समिति संगको सहकार्यमा थप स्वास्थ्य संस्थाहरुको स्तरोन्नतीको कार्य संचालन हुनेछ । यस आर्थिक बर्षमा सरसफाईको क्षेत्रमा लिइएको लक्ष प्राप्ती भएको छ । सबै वार्डहरु खुला दिसा मुक्त घोषणा भइ सकेको छ भने नगरपालिकाको घोषणा गर्ने कार्य मात्र बाकी रहेकोछ । अब हामी नगरवासीले खुला दिसा हुने ठाउँको व्यक्ति हौ भनेर सिर निहुराउनु पर्ने छैन । तर यसलाई पूर्ण सरसफाइ युक्त बनाउने जिम्मा हामी सबैको काधँमा रहेकोछ । यस कार्यमा सबै जिम्मेवार नगरसभा सदस्य ज्यू हरुले आ आफ्नो स्थानबाट सहयोग गर्नु हुनेछ भन्ने विश्वास लिएको छु । गुणस्तरीय शिक्षा कार्यन्वयनमा जोड दिइएको छ । भर्ना अभियानलाई प्रभावकारी कार्यन्वयन गरिएको छ । धर्मीक तथा पर्यटकिय क्षेत्रको विकासमा नगरपालिकाले उल्लेखनिय कार्य गरेको छ । चालु आर्थिक बर्षका अधिकांस बजेट पुर्वाधार लक्षित रहेको र बहुवर्षे योजना अन्तरगतका ठूला योजनाहरु आगामी आर्थिक वर्षमा पनि निरन्तर रुपमा चल्ने हुनाले पूर्वाधार विकास तर्फको व्यय भार अधिक पर्न गएकोछ । स्थानीय सरकारको रुपमा आवश्यक पर्ने ऐन, कानुन, नियम तथा निर्देशिका निर्माण गरी स्थानिय सरकार सञ्चालनलाई प्रभावकारी बनाउन नगरपालिकाले यथेष्ट कार्य गरेको छ ।

यस गरिमामय सभाका उपस्थित महानुभावहरु,

अब म विषयगत रुपमा यस नगरपालिकाले अवलम्बन गरेका आर्थिक बर्ष २०७६/०७७ को निति तथा कार्यक्रम प्रस्तुत गर्न चहान्छु ।

## **१) शुशासन तथा संस्थागत विकास**

क) आगामी आर्थिक बर्षमा सबै वडाहरुमा सर्वसाधारणले प्राप्त गर्ने सेवा, प्रकृया, लाग्ने समय र दस्तुर समेत उल्लेख गरि नागरिक वडा पत्र राखिने छ भने वडालाई इन्टरनेट सञ्जालमा जोड्ने कार्य अघि वढाइएको छ ।

ख) सेवा मैत्री संरचना तथा सेवाग्राही मैत्री व्यवहार मार्फत गुणस्तरिय सेवा प्रवाहलाई मुल मन्त्रका रुपमा अवलम्बन गरिनेछ । लेखा प्रणालीलाई अनलाईन मार्फत सञ्चालन गरिएको छ भने योजना प्रणालीलाइ सफ्टवेयरमा आधारित गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

ग) नगरपालिकाको महत्वपूर्ण सूचनाहरु सहितको भित्तेपात्रो प्रकाशन गरिनेछ ।

घ) केही वार्डहरुको सामाजिक सुरक्षालाई बैकिंगं प्रणाली मार्फत वितरणको थालनी गरिएकोमा यसलाई सम्पूर्ण वार्डहरुमा विस्तार गरिनेछ ।

ङ) भ्रष्टाचार जन्य क्रियाकलाप प्रति शुन्य शहनशिलताको अवधारणा मार्फत सुशासनको प्रत्याभुती प्रदान गरीनेछ ।

च) आगामी आर्थिक बर्ष भित्र नगरपालिकाको नगरपार्श्वचित्र तयार गरिनेछ ।

छ) नगरपालिका भित्रका सार्वजनिक निकायबाट सम्पादन हुने सेवा प्रवाह तथा काम कार्वाहीको मुल्याकंन गरी दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।

ज) भवन नरहेको वडा कार्यालयहरुको भवन निर्माणको लागि जग्गा प्राप्ती तथा भवन निर्माणको प्रक्रिया अगाडी बढाइनेछ ।

झ) निर्वाचित जनप्रतिनिधी,सेवा प्रदायक कर्मचारी तथा आम जनताको क्षमता विकास सम्बन्धी विविध कार्यक्रम सञ्चालन गरिनेछ ।

ञ) घर नक्सा पास, पुराना घरको अभिलेखिकरण गर्ने कार्यलाई आगामी आर्थिक बर्षबाट सुचारु गरिनेछ ।

ट) बालमैत्री स्थानिय शासनमा जोड दिनुका साथै सेवा प्रवाहका क्रममा फरक क्षमता भएका व्यक्तिलाई विशेष सहुलियत र ग्राहयता दिईनेछ ।

ठ) आगामी आर्थिक बर्षमा नगर प्रहरीको दरबन्दी स्वीकृत गरी नगर प्रहरीको व्यवस्था गरिनेछ ।

ड) विषयगत कार्यालयका कर्मचारीहरुलाई सम्बन्धित क्षेत्रको दक्षता अभिबृद्धीका कार्यक्रम सञ्चालन गरिनेछ

ढ) महिला स्वास्थ्य स्वयंमसेविकालाई प्रोत्साहन तथा क्षमता अभिबृद्धी का कार्यक्रम सञ्चालन गरिनेछ ।

ण) कुनै पनि योजना सञ्चालनमा पेश्की उपलब्ध गराईने छैन ।

त) प्रत्येक आयोजना सञ्चालन गर्दा उपभोक्ता समितिहरुलाई योजनाको सुरुमा अभिमुखिकरण र योजनाको अन्त्यमा खर्च सार्वजनिक गर्ने व्यवस्था लागु गरिनेछ ।

थ) न्यायिक समितिलाई पुर्वाधार तथा प्रविधि मैत्री बनाई छिटो छरितो न्याय सम्पादन गर्ने वातावरण श्रृजना गरिनेछ । आवश्यक जनशक्तीको लागि पहल गरिनेछ ।

द) सेवा प्रवाह सम्बन्धि अनुकरणीय अभ्यासको अध्ययनको लागि अध्ययन अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ ।

ध) राजस्वको दायरा वृद्धी गर्न थप अध्ययन अनुसंधान गरि परिचालनलाई प्रभावकारी रुपमा लागिनेछ ।

## सामाजिक विकास

१) नेपालको संविधानले व्यवस्था गरे अनुरुप माध्यामिक तह सम्मको शिक्षालाई निशुल्क गरिनेछ ।

२) व्यवसायीक तथा प्राविधिक शिक्षालाई थप विद्यालयहरुमा विस्तार गरिनेछ भने संचालनमा आएका प्राविधिक शिक्षालयलाई व्यवस्थित गरिने छ ।

३) नगरपालिका भित्र रहेको एकमात्रा बहुमुखी क्याम्पस फलहारी बाबा बहुमुखी क्याम्पसको स्तरौन्नती तथा व्यवस्थापनमा आवश्यक पहल गरिने छ ।

४) शिक्षाको औपचारिक सुरुवातको रुपमा  रहेको बाल विकास केन्द्रको शिक्षालाई बाल मैत्रि, रोचक, ज्ञान बर्द्धक र नमुना बनाइने छ ।

५) इटा भटामा रहेका बालबालिकालाई शिक्षा स्वास्थ्यको लागि आवश्यक कार्यक्रम लागु गरिनेछ ।

६) नगरपालिकालाई पुर्ण साक्षार नगरपालिका घोषण गरिनेछ ।

७) गरिब विपन्न तथा आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुलाई शैक्षिक सामाग्रीको व्यवस्था तथा छात्रबृतीको लागि निश्चित कोष स्थापन गरिनेछ ।

८) सम्पुर्ण विद्यालयमा पुर्वाधार निर्माण तथा सरसफाईमा विशेष जोड दिईनेछ ।

९) बालमैत्री स्थानिय शासन पद्धती सुरुवात गरिनेछ ।

१०) बाल समूह गठन र परिचालनमा जोड दिईने छ ।

११) बाल विवाह मुक्त नगरपालिका घोषणको लागि आवश्यक पहल गरिनेछ ।

१२) पुर्ण बालबालिका भर्ना अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१३) प्रत्येक नागरिकलाई आधारभुत स्वास्थ्य सेवाको पहुचबाट बन्चित गरिने छैन । स्वास्थ्य संस्थाहरुलाई व्यस्थीत र प्रविधियुक्त बनाउदै लगिने छ ।

१४) गर्भवती तथा २ बर्ष मुनिका बालबालिकाको पोषणको अवस्थामा सुधार ल्याउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

१५) प्राथमिक स्वास्थ्य केन्द्रको २४ घण्टे सेवा प्रवाहलाई अझ प्रभावकारी बनाइनेछ । ५० शैयाको अस्पताल निर्माणको लागि पहल सुरु गरिनेछ ।

१६) लैगिक समानता र सामाजिक समावेसीकरणको प्रबद्धन, लैगिक हिंसा न्युनिकरणका लागि सचेतना मुलक कार्यक्रम सञ्चालन गरिनेछ । साथै कानुनी सहायता प्रदान गरिनेछ ।

१७) नगरपालिकाबाट सञ्चालन हुने हरेक किसिमका कार्यक्रमहरुमा समावेशीकरणको निति अवलम्बन गरिनेछ ।

१८) नगरपालिकामा युवा, दलित, महिला, अपाग, महिला, का नगर तथा वडा स्तारिय समन्वय समिति गठन गरि समन्वयत्मक विकास निती अवलम्बन गरिनेछ ।

१९) सरकारी तथा गैर सरकारी  संस्थाहरु विच आपसी समन्वय र सहकार्यका आधारमा सेवा प्रवाह लाई जोड दिइनेछ । गैर सरकारी संस्था सञ्चालनमा एकिकृत कार्यक्रम र एकद्धार निति अवलम्बन गरिनेछ ।

२०) यूवा रोजगार मुलक कार्यक्रमका रुपमा कम्प्युटर, सिलाई कटाई, मोबाइल मर्मत, मोटरसाइकल मर्मत जस्ता सिप मुलक तालिम सञ्चालन गरिनेछ ।

## पुर्वाधार विकास

१) आगामी आर्थिक बर्षको योजना तर्जुमाको क्रममा तत्कालिन अल्पकालिन र दिर्घकालिन योजना छनौट गरीनेछ ।

२) नगरस्तरिय, वडास्तरिय र वस्तीस्तरका सडकको मापदण्ड तोकी लागु गरिनेछ । नगर स्तरिय सडक गुरु योजना निर्माण गरिनेछ ।

३) वस्ती भित्रका सडकलाई हिलो मुक्त अभियान अन्तरगत पि.सि.सि गर्ने कार्यलाई आगामी आर्थिक बर्षमा समेत प्राथमिकताका साथ लागु गरिनेछ ।

४) नगरपालिका भित्र रिङरोड निर्माण कार्य अगाडी बढाईनेछ ।

५) सेखवनिया तालको पानीलाई सिचाईको रुपमा उपयोग गर्न सिचाई योजनालाई प्राथमिकता दिइनेछ ।

६) नगर क्षेत्र भित्र रहेका ताल पोखरीहरुको अभिलेखिकरण गरि मर्मत संभार र सुन्दरिकरण गरिनेछ । त्यस्ता ताल पोखरीहरुबाट किसानहरुलाई सिचाईको सुविधा उपलव्ध गराइने छ । सिंचाइको लागि प्रत्येक वार्डहरुमा वोरिगं, डिप बोरिङ्ग जडान गरिनेछ ।

७) मुख्य सडक तथा बजार क्षेत्रमा शौर्यबत्ती जडान गरिनेछ ।

८) व्यवस्थित नमुनावस्ती निर्माणको अध्ययन गरी कार्य आगाडी बढाईने छ ।

९) सुकुम्वासीको लागत संकलन गरी व्यवस्थापन कार्यलाई अगाडी बढाईनेछ ।

१०) महाराजगञ्ज खानेपानी योजना मर्मत गरी सञ्चालनको लागि पहल गरिनेछ ।

## आर्थिक विकास

१) घरेलु तथा साना उद्योग विकासलाई प्रोत्साहन गर्दै नगरपालिका भित्र उद्योग ग्राम स्थापनको लागि पहल गरिनेछ ।

२) प्रगतिशिल कर प्रणाली अविलम्बन गरिनेछ । कर अभिलेख प्रणाणीलाई सुचना प्रविधिमा आधारित बनाउदै लगिनेछ ।

३) भु उपयोग निति निर्माण गरी लागु गरिनेछ ।

४) कृषि क्षेत्रको विकासको लागि बैज्ञानिक र व्यवसायिक खेती प्रणाली अवलम्बन गरिनेछ ।

५) कृषकलाई मल, विउमा अनुदानको व्यवस्था गरी विषादीको प्रयोगलाई कम गर्दै लैजाने निति अवलम्बन गरिनेछ ।

६) खाद्यन्न र दलहन खेतीलाई प्रोत्साहित गर्ने निति लिइनेछ ।

७) पकेट क्षेत्र तथा कृषि ब्लक निर्धारण गरी कृषिमा विविधीकरण गरिनेछ ।

८) अर्गानिक मौरी पालन व्यवसायलाई प्रबद्धन गर्ने निति अवलम्वन  गरिनेछ ।

९) तरकारी तथा च्याउ खेती कार्यक्रमलाई विशेष जोड दिइनेछ ।

१०) गाई तथा भैसीपालन  व्यवसायलाई प्रवद्धन गर्दै पशुरोग उपचार तथा गोठ सुधारमा जोड दिइनेछ ।

११) दुग्ध व्यवसाय प्रवद्धन गर्न दुधडेरी स्थापन तथा सञ्चालनमा आवश्यक सहयोग गरिनेछ

१२) मासु पसललाई व्यवस्थित गरिनेछ ।

१३) नगरपालिका भित्र एक वटा पिकनिक स्पोट निर्माण  कार्य सुरु गरिनेछ ।

१४) पर्यटकिय क्षेत्रको रुपमा रहेका मठ, मन्दिर, मदरसा, मस्जीदको पुर्वाधार विकासमा जोड दिइनेछ ।

१५) सहकारी पसल, सहकारी खेति लगायत सहकारी निर्माण सञ्चालित कार्यक्रमहरुलाई टेवा पुऱ्याइनेछ  ।

वातावरण तथा विपद व्यवस्थापन

१) हरियाली  प्रवद्धन गर्ने तथा प्राकृतिक सुन्दरता कायम गर्ने  कार्यलाई प्राथमिकता दिईनेछ ।

२) विकास कार्यक्रम सञ्चालन गर्दा दिगो विकास निति अवलम्वन गरिनेछ ।

३) सार्वजनिक  स्थानमा बृक्षारोपण गरी संरक्षण गर्ने निति लिइनेछ ।

४) बेलनदी तथा बाणगंगा नदि नियन्त्रण तथा व्यवस्थापनको लागि आवश्यक पहल  गरिनेछ ।

५) नगरपालिका स्तारिय विपद प्रतिकार्य योजना तयार गरी लागु गरिनेछ । विपद व्यपस्थापन कोषमा आवश्यक रकम विनियोजन गरिनेछ ।

५) स्वच्छ  महाराजगञ्ज अभियान सञ्चालन गरिनेछ र  सरसफाईको लागि  एउटा छुटै कोष स्थापना गरिनेछ । फोहोर गर्नेलाई जरिवाना स्वरुप प्राप्त रकम उक्त कोषमा जम्म गर्ने निति अवलम्वन गरिनेछ ।

६) नगरपालिकालाइ पुर्ण सरसफाई तर्फ अग्रसर गरिनेछ ।

७) फोहार उत्पादनलाई न्युनिकरण गर्ने र उत्पादित फोहोरलाई बर्गिकरण गरी पुनं प्रयोगमा जोड दिइनेछ ।

८) डम्पीङ्ग साइटको व्यवस्था आगामी आर्थिक बर्ष भित्रै पुरा गरिनेछ ।

९) विपद तथा प्रकोपबाट प्रभावितलाई तत्काल उद्धारको लागि QUICK RESPONSE TEAM खडा गरी प्राथमिक उपचार तालिम प्रदान गरिनेछ ।

अन्त्यमा आगामी आर्थिकको लागि अनुमान गरिएको आय, व्यय र विषयगत रुपमा विनियोजन गरिएको वजेट निम्न वमोजिम प्रस्ताव गरेको छु ।

## आर्थिक बर्ष २०७६/०७७ को आय अनूमान

रकम रु हजार मा

| सि.न. | शीर्षक | आय विवरण निशर्त अनुदान | आय विवरण शसर्त अनुदान | कैफियत |
|---|---|---|---|---|
| १ | अनुमानित अल्या | १८५७२७ | | |
| २ | राजस्व नेपाल सरकार | ११९७०० | | |
| ३ | नेपाल सरकारबाट सामानीकरण | १५४५०० | | |
| ४ | शर्सत अनुदान नेपाल सरकार | ० | २०८६०० | |
| ५ | प्रदेश सरकारबाट सामानीकरण | ४७८८ | | |
| ६ | प्रदेश सरकार राजस्व अनुदान | ८२५५ | | |
| ७ | प्रदेश सरकार शर्सत अनुदान | ० | ११००० | |
| ८ | जिल्ला समन्वय समिति साझेदारी | ३१५०० | | |
| ९ | बहु क्षेत्रिय पोषण कार्यक्रम | ० | १८८७ | |
| १० | आन्तारिक राजस्व | ३०००० | ० | |
| ११ | सामाजिक सुरक्षा भत्ता | ० | ९०००० | |
| १२ | मूख्य मन्त्री ग्रामिण विकास कार्यक्रम | | ५२०० | |
| १३ | युनिसेफ अनुदान | | ११९० | |
| | जम्मा अम्दानी | ५३४४७० | ३१७८७७ | ८५२३४७ |

## २) व्ययको अनुमानित विवरण :

आर्थिक वर्ष २०७४/०७५ को यथार्थ आय रु. ४७ करोड ५४ लाख ३९ हजार तथा यर्थात खर्च चालु तर्फ २२ करोड ६७ लाख २२ हजार र पुजिगत तर्फ १५ करोड १४ लाख ४८ हजार रहेको थियो । चालु आर्थिक वर्ष २०७५/०७६ को संसोधित तथा हाल सम्मको यथार्थ आय रु.५६ करोड ८० लाख ४८ हजार तथा यथार्थ खर्च रु. चालु तर्फ २१ करोड ८७ लाख ८४ हजार र पुजिगत तर्फ रु.१२ करोड ७६ लाख रहेकोछ ।

विषयगत रुपमा सशर्त अनुदान समेत निम्न वमोजिम वजेट विनियोजनको प्रस्ताव गरिएकोछ ।

आर्थिक वर्ष २०७६/०७७ को अनूमानित व्यय

रु.हजारमा

| सि.न. | खर्च शीर्षक | विनियोजित वजेट | प्रतिशत | |
|---|---|---|---|---|
| १ | वहुवर्षे योजनाहरु | १०२४०० | १२।०१ | एक करोड चौबिस लाख |
| २ | चालु खर्च | ९०००० | १०।५६ | नौ करोड |
| ३ | संघ सम्पुरक | २०००० | २।३४६ | दुई करोड |
| ४ | प्रदेश सम्पुरक | २०००० | २।३४६ | दुई करोड |
| ५ | मैचिंग फन्ड | २०००० | २।३४६ | दुई करोड |
| ६ | वडा तर्फका योजनाहरु | ८२५०० | ९।६७९ | आठ करोड पचिस लाख |
| ७ | आर्थिक विकास | १३४५० | १।५७८ | एक करोड चौतिस लाख पचास हजार |
| ८ | सामाजिक विकास | ६४७२० | ७।५९३ | छ करोड सैतालिस लाख बिस हजार |
| ९ | वन, वातावरण तथा विपद व्यवस्थापन | २२०० | ०।२५८ | बाईस लाख |
| १० | सुशासन तथा संस्थागत विकास | १९४०० | २।२७६ | १ करोड चौरा नब्बे लाख |
| ११ | भौतिक पूर्वाधार विकास | ८५००० | ९।९७२ | आठ करोड पचास लाख |
| १२ | सार्वजनिक निर्माण | १०००० | १।१७३ | एक करोड |
| १३ | सशर्त अनुदान | २१७४७७ | २५।५२ | एक्काईस करोड चौहत्तर लाख सत्तहत्तर हजार |
| १४ | मुख्य मन्त्री ग्रामिण विकास कार्यक्रम | ५२०० | ०।६१ | बाउन्न लाख |
| १५ | सामाजिक सुरक्षा भत्ता | ९०००० | १०।५६ | नै करोड |
| १६ | सार्वजनिक मर्मत संभार | १०००० | १।१७३ | एक करोड |
| | **कूल जम्मा** | ८५२३४७ | १०० | पचासी करोड तेइस लाख सत्चालिस हजार |

## २.१ आर्थिक विकास तर्फ

क) कृषि विकास तर्फ रु.४० लाख

ख) पशु विकास तर्फ रु.१६ लाख ५० हजार

ग) पर्यटन विकास तर्फ रु.७८ लाख

२.२ सामाजिक विकास तर्फ

क) शिक्षा तर्फ रु.१ करोड ८६ लाख ७६ हजार

ख) स्वास्थ्य तर्फ रु.३ करोड २२ लाख ९४ हजार

ग) खानेपानी तथा सरसफाई तर्फ रु.१ करोड १ लाख

घ) खेलकुद तथा मनोरन्जन तर्फ रु.१० लाख

ङ) लैगिक समानता तथा सामाजिक समावेशिकरण तर्फ रु.२६ लाख ५० हजार

च) सामाजिक सुरक्षा भत्ता तर्फ रु.९ करोड

छ) वहुक्षेत्रिय पोषण तर्फ रु.१८ लाख ८७ हजार

**२.३ पूर्वाधार विकास तर्फ**

क) वहुवर्षे योजनाहरुको लागि रु १० करोड २४ लाख.

ख)नगर स्तरिय पूर्वाधार विकास तर्फ रु.५ करोड ६५ लाख

ख) संचार पूर्वाधार तर्फ रु.१० लाख

ग) वैकल्पीक उर्जा तर्फ रु.१० लाख

घ) सार्वजनिक सडक मर्मत सम्भार तर्फ रु.१ करोड

ङ) सार्वजनिक निर्माण तर्फ रु.१ करोड

छ) सिंचाई तर्फ रु.२ करोड ६५ लाख

**२.३ वन, वातावरण तथा विपत व्यवस्थापन तर्फ कुल विनियोजित वजेट रु.१७ लाख**

**२.४ सूशासन तथा संस्थागत विकास तर्फ कुल विनियोजित रु.१ करोड ८४ लाख**

२.५ वडा स्तरको योजना तथा कार्यकमहरु संचालन गर्न प्रति वडा रु.७५ लाखको दरले कुल जम्मा रु.८ करोड २५ लाख

पाँचौ बर्षको नगर सभामा उपस्थित सदस्य ज्यूहरु, सम्पुर्ण अतिथि ज्यूहरु, कर्मचारी तथा सुरक्षाकर्मी, पत्रकार लगायत सबैमा निति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग र समन्वयको अपेक्षा सहित धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद नमस्कार ।

अब्दुल कलाम
नगर प्रमुख
महाराजगञ्ज नगरपालिका

मिति : २०७६ असार १० गते